नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०८२/०४/१३

## प्रेस विज्ञप्ति

आज मिति २०८२/०४/१३ गतेका दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय रघुजी पन्तज्यू र नेपालका लागि गणतन्त्र कोरियाका महामहिम राजदूत Mr. Park Taeyong बिच शिष्टाचार भेटघाट सम्पन्न भयो। माननीय मन्त्रीज्यूले दुई देशबिचको सम्बन्धका विविध आयामका बारेमा आफ्नो धारणा राख्दै उहाँको कार्यकालमा नेपाल र कोरियाबीचको सम्बन्ध खासगरी शिक्षा क्षेत्रको सम्बन्ध र सहयोगमा थप मजबुद रहने विश्वास व्यक्त गर्नु भयो।

महामहिम राजदूतले माननीय मन्त्रीज्यूको नेतृत्वमा नेपाल र कोरियाबीचको सम्बन्धमा नयाँ आयाम थपिने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपाल र कोरियाबीच विभिन्न क्षेत्रमा सहकार्य रहँदै आएको र शिक्षा क्षेत्र विशेष प्राथमिकतामा रहेकोमा जोड दिनु भयो । त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायत चार विश्वविद्यालयसँग कोरिया सरकारको साझेदारी रहेकोसमेत महामहिम राजदूतले स्मरण गर्नुभयो। नेपालका विद्यार्थी क्षमतावान रहेको र उक्त क्षमता प्रयोग गर्न सकेमा नेपालको विकास संभव रहेको पनि बताउनु भयो। कोरियाको विकासमा शिक्षा र उद्यमशीलताको महत्वपूर्ण भूमिका रहेको समेत उहाँले बताउनु भयो। महामहिमले कोरियामा सबै भन्दा बढी रुचाइने कामदारको रुपमा नेपाली श्रमिक रहेको स्मरण गर्नुभयो। दक्ष कामदारको महत्व र आवश्यकतालाई ध्यानमा राखेर नै नेपालको सिटिईभिटिसँगको सहकार्य जारी राखिएको महामहिम राजदूतले बताउनु भयो। कोरियामा अध्ययन गर्न जाने विद्यार्थीहरुको No Objection Letter (NOC) केही समय अगाडि स्थगन भएको विषयमा समेत जिज्ञासा राख्नुभयो।

माननीय मन्त्रीज्यूले उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि, Theatre Study र Film Study जस्ता क्षेत्रमा नेपाल र कोरियाबीच थप सहकार्यको आवश्कता रहेको प्रष्ट पार्नु भयो। उहाँले कोरियामा D2 र D4 भिसामा अध्ययन गर्न जाने विद्यार्थीलाई अध्ययन पछि समकक्षतामा समस्या नपरोस् भन्नका लागि केही समय NOC बन्द रहेकोमा हाल समस्या नरहेको र मन्त्रालयले NOC प्रदान गरिरहेको बताउनु भयो। माननीय मन्त्रीज्यूले इपिएस मार्फत कोरिया जाने कामदारको बारेमा आफू जानकार रहेको र कोरियाबाट प्राप्त सहयोगका सम्बन्धमा मन्त्रालयमा छलफल हुने बताउनु भयो । साथै माननीय मन्त्रीज्यूले कोरियामा काम गर्ने तथा उच्च शिक्षा अध्ययन गर्ने नेपाली नागरिकको विस्तृत तथ्याङ्क प्रणाली विकास गर्न तथा तिनलाई उपलब्ध गराइएका सुविधा एवम् कानूनी सहायताका मामलामा यथोचित सहजीकरण गर्न मन्त्रालयबाट शैक्षिक कुटनीतिको खाका एवम् संयन्त्र विकास गर्ने तयारी जारी रहेको बताउनु भयो।

अन्त्यमा, नेपाल र गणतन्त्र कोरियाबिचको सम्बन्ध स्वार्थ रहित रहेकोमा विषयलाई स्मरण गर्दै माननीय मन्त्रीज्यूले कोरियाबाट फर्केका नेपालीहरूले नेपालमा उदाहरणीय काम गरेका केही अभ्यासलाई थप विस्तार र सुदृढ गर्ने योजनाका बारेमा चर्चा गर्नुभयो ।

..............................
(शिवकुमार साप्कोटा)
सहसचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np

Scanned with CamScanner